STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख १६ गते बिहीबार ❑ 29 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## जनमोर्चाका सांसद शाही उपस्थित नहुँदा गण्डकी प्रदेश सभा बैठक स्थगित

### सांसद चरक अस्पतालमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

राष्ट्रिय जनमोर्चाका एक सांसद खिम बिक्रम शाही सदनमा अनुपस्थित भएसंगै गण्डकी प्रदेश सभाको विशेष अधिवेशसनको तेश्रो बैठक स्थगित भएको छ।

बुधबार केही वेर संचालन भएको सदन सभामुख नेत्रनाथ अधिकारीले २० मिनेटको लागि स्थगित भएको घोषणा गरेसंगै स्थगित भएको सदनमा करिब एक घण्टा पश्चात संसद बैठक स्थगित भएको प्रदेश सभा सचिवालयले सूचना नै टासेर बैठक स्थगित भएको जनाएको हो । जनमोर्चाका सांसद खिम बिक्रम शाहीको अबस्था अज्ञात रहेकोले सदनमा उपस्थित हुन नसुक्नु भएकोले उहाँको अबस्था सार्वजनिक गर्न निजको जीवन रक्षा गर्न निज सार्वजनिक नभएसम्म सदनको कारवाही नचलाइयोस भन्ने पत्रको आधारमा सभामुख अधिकारीले बैठक स्थगित गरेको पत्रमा उल्लेख गरेका छन्। राष्ट्रिय जनमोर्चा पार्टीका सचेतक पियारी थापाले आफ्ना सांसदको खोजि गर्न निवेदन दिएकी थिइन्। यस बिषम परिस्थितीमा निवेदन माथि सम्बोधन नगरी सदन संचालन गर्न उपयुक्त



नभएकोले अर्को सूचना नभएसम्मको लागि गण्डकी प्रदेश सभाको आजको बैठक स्थगित भएको प्रदेश सभा सचिव हरिराज पोखरेलद्धारा जारी गरिएको सूचनामा उल्लेख गरिएको हो।

सांसद शाहीको पोखराको चरक मेमोरिय अस्पतालमा उपचार भई रहेको छ । मंगलबार बेलुका प्रदेश सभा परिसरमा गरिएको पिसिआर परिक्षणमा नेगेटिभ नतिजा आएको उनको भोलिपल्ट एकाएक बिरामी भई चरकमा उपचार गर्न पुराएसंगै पिसिआर समेत परिक्षण गर्दा भने पोजेटिभ आएको बताइएको छ । राष्ट्रिय जनमोर्चाका सांसद कृष्ण थापाले सदन सुरु हुनु पूर्व सांसद शाहीसंग कुराकानी भएको र सदनमा आउने कुरा भएको बताएका थिए । सदन संचालन भएको एक घण्टा भन्दा बढी हुदा त्यस पछि उनी सम्पर्क विहिन भएकोले उनीको पहिला खोजि गरिने त्यस पछि स्वास्थ्यका कारण बाहेक अन्य कारण भएमा पार्टीले कारवाही समेत गर्ने भएको थापाले चेतावनी दिएका छन्। सांसदहरुको कोरोना परीक्षणको नतिजा आएपछि बुधबारको लागि दिउँसो १ बजे संसद वैठक आव्हान गरिएको थियो।

एक जना सांसदको बिषयलाई लियर सभामुखले संसद बैठक नै स्थगित गर्नु नियतवस र ठिक निर्णय नभएको नेकपा एमाले संसदीय दलका नेता मायानाथ अधिकारीले बताए। सांसद हराएको बिषयमा राज्यले गर्नु पर्ने काम संसदले खोजि गर्ने नभएको उनले भनाई थियो । उनले भने "यो बिषयलाई लिएर संसद बैठक स्थगित गर्नु नियतवस र ठिक होइन, हामीसंग समन्वय विना आफु खुसी सदस बैठक स्थगित गर्नु उचित निर्णय भएन नी, हाम्रो परम्परा के छ भने कार्य व्यवस्था परामर्श समितिको सल्लाह बमोजिम निर्णय हुन्छ भन्ने नै छ, केही बिषेश अधिकार सभामुखसंग पनि हुन्छ त्यो हामीले मान्छौं।"

गण्डकी प्रदेश सभाका शाही सहित ४ सांसदलाई कोरोना संक्रमण देखिएको छ । कोरोना रिपोर्ट पोजेटिभ आउने सांसदमा सत्तारुढ दल एमालेका राजीव पहारी र प्रभा कोईराला छन् भने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका मनकुमारी गुरुङ छन् । संसद सचिवालयकी १ कर्मचारीमा पनि कोरोना संक्रमण पुष्टी भएको संसद सचिवालयले जनाएको छ। मंगलबार एमाले सांसद राजीव पहारीले नै प्रदेश सभासद र सचिवालयका कर्मचारीको कोरोना परिक्षण गरेर मात्र संसद चलाउन माग गरेपछि संसद अवरुद्ध भएको थियो। मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ माथि प्रदेश सभाको विश्वास छैन भनि सभा समक्ष प्रस्तुत भएको अविश्वासको प्रस्ताव उपर छलफल हुने, मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले अविश्वासको प्रस्तावको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धमा जवाफ दिने र अविश्वासको प्रस्तावको निर्णयार्थ पेश हुने बुधबारको कार्य सूचि टाँस गरिएको थियो।

गण्डकी प्रदेश सभामा सबैभन्दा ठूलो दल नेकपा एमालेका २७ जना सांसद छन्। एक जना स्वतन्त्र सांसद दीपक मनाङ रहेका छन् । कांगेसका १५, मोओवादी केन्द्रका १२ जना, जसपाको २ र जनमोर्चाको ३ जना सांसद रहेका छन्। कागेंस र माओबादी केन्द्रका सांसदहरुलाई पोखराको कुटी रिसोर्टमा राखिएको छ। सांसद

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## संक्रमण दर २२८ प्रतिशतले वृद्धि

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

नेपालमा कोभिड-१९ को सङ्क्रमण दर उच्च रहेको छ। नेपालमा अहिले सङ्क्रमित २२८ प्रतिशतका दरले बढिरहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयले बुधबार यहाँ आयोजना गरेको नियमित पत्रकार सम्मेलनमा इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका सङ्क्रामक रोग विशेषज्ञ डा अर्चना श्रेष्ठले गत हप्ताको तुलनामा यसहप्ता नेपालमा सङ्क्रमित दर २२८ प्रतिशतले वृद्धि भएको जानकारी दिए । उनका अनुसार यसहप्ता यहाँको सङ्क्रमण दर भारतको जस्तै रहेको छ।

गतवर्ष भारतमा नेपालको भन्दा एक महिनाअघि नै बढी सङ्क्रमण दर रहेको यसवर्ष भने नेपाल र भारतको सङ्क्रमणको दर एउटै रहेको उहाँले जानकारी दिए । "चार हप्तामा भारतजस्तै नेपालमा सङ्क्रमणको दर छिटो छिटो बढेको छ", उहाँले भन्नुभयो, "नेपालमा भारतमा भन्दा बढी सङ्क्रमण दर रहेको छ।"

नेपाल भारतभन्दा द्रुत गतिमा सङ्क्रमणको दर बढिरहेको उहाँको भनाइ छ। भारतमा जस्तै नेपालमा सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या पनि बढिरहेको उहाँले जानकारी दिए।

संसारभरमा नेपाल अहिले सङ्क्रमण सार्नेमा सबैभन्दा उच्च रहेको उनले सुनाए। एक जनाले दुई जनाभन्दा बढीलाई सङ्क्रमण सारिरहेको छ । बुधबार मात्र चार हजार ८९७ जनामा सङ्क्रमण देखिएको छ। अहिलेसम्म नेपालमा तीन लाख १२ हजार ६९९ जनामा सङ्क्रमण, दुई लाख ७९ हजार २७९ जना निको र तीन हजार २११ को निधन भइसकेको छ। उहाँका अनुसार यही दरमा सङ्क्रमण फैलिने हो भने एक महिनामा एक लाख ९३ जना सङ्क्रमित हुनेसक्ने छन् । "एक वर्षमा जति सङ्क्रमित फेला पारेका थियौं, सङ्क्रमित यही दरमा बढ्ने हो भने हामी तीन महिनामा विगत एक वर्षको सङ्क्रमितको सङ्ख्या पुग्ने छ", उनले भने, "सङ्क्रमतिको सङ्ख्या मात्र होइन मृत्यु पनि त्यसरी नै बढ्ने छ, यही गति दरमा सङ्क्रमण बढ्ने हो भने हामीले १०० देखि १५० मानिसलाई गुमाउनु पर्छ।" आज १७ जनाको निधन भएको छ।

## सम्बन्धित जिल्लामा प्रजिअले निषेधाज्ञा जारी गर्न सक्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

सरकारले कोभिड-१९ नियन्त्रण,रोकथाम र उपचारका लागि सम्बन्धित जिल्लाभित्र निषेधाज्ञा जारी गर्ने अख्तियारी प्रमुख जिल्ला अधिकारीलाई दिएको छ।

मन्त्रिपरिषद्का पछिल्ला बैठकका निर्णय सार्वजनिक गर्न बुधबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेनलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौँ उपत्यका तथा तराईमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्रमा प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा तथा आवश्यक आदेश जारी गर्ने गरी कायममुकायम मुकरर गरिएको जानकारी दिए । काठमाडौँ उपत्यका र केही जिल्लामा यही वैशाख १६ गतेदेखि निषेधाज्ञा जारी भइसकेको छ। उक्त अवधिमा खाद्यान्न, अत्यावश्यक सवारी साधनको आवतजावत र सेवा सञ्चालनका लागि सरकारले आवश्यक प्रबन्ध गरेको छ । यस्तै वैशाख १६ देखि ३० गतेसम्म देशभरका सबै विद्यालय तथा शिक्षालय बन्द गरी भौतिक उपस्थिति नभई भर्चुअल वा वैकल्पिक माध्यमबाट पठनपाठन कायम राख्न निर्देशन दिइएको छ । निर्धारित परीक्षा हाललाई स्थगन गर्ने निर्णयमा उल्लेख छ।

मन्त्री गुरुङले नेपाल सिमाना जोडिएका छिमेकी मुलुकका नागरिकबाहेक अन्य देशका नागरिकलाई स्थलमार्गबाट हुने आवागमन स्थगन गर्ने र स्थलमार्गबाट नेपाल आउनुपर्ने भारतीय र चिनियाँ नागरिकलाई निजले यात्रा गर्नुअघि स्वाब सङ्कलन भएको ७२ घन्टाभित्रको कोभिड-१९ नेगेटिभ तथा १० दिन अनिवार्य रूपमा होटेल क्वारेन्टिनमा बस्ने गरी होटेल बुक गरेको प्रमाण पेश गरेको आधारमा स्थानीय प्रशासनको अनुमतिमा नेपाल प्रवेश गर्न दिने निर्णय गरिएको बताए। हवाई मार्गबाट नेपाल प्रवेश गर्ने नागरिकले पनि उक्त मापदण्ड पालना गर्नुपर्नेछ । उनीहरूले १० दिन अनिवार्य होटेल वा होम क्वारेन्टिनममा बस्नुपर्नेछ।

मन्त्रिपरिषद्को अर्को निर्णयमा नेपाली सेनाले नेपाल-भारत स्थलगत सीमा मार्ग नजिकै पायक पर्ने स्थानका साथै काठमाडौँ उपत्यकामा कम्तीमा एक हजार क्षमताको बहुउपयोगी वा अर्ध स्थायी प्रकृतिको होल्डिङ सेन्टर बनाउने र त्यसका लागि सरकारले जग्गा र अर्थ मन्त्रालयले आवश्यक बजेट निकासा दिने भनिएको छ।

यस्तै सरकारले कोभिडका बिरामीको उपचारका लागि पर्याप्त अक्सिजनका सिलिन्डर हुने गरी तत्काल आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिएको छ। सरकारले मधेस आन्दोलनसँग सम्बन्धित १२० व्यक्तिका मुद्दा फिर्ताको निर्णय गरेको छ भने अन्य मुद्दा कानूनबमोजिम क्रमशः फिर्ता लिँदै जाने भएको छ । पत्रकार सम्मेलनमा सोधिएको प्रश्नमा प्रवक्ता गुरुङले नेत्रविक्रम चन्द नेतृत्वको नेकपासँगको सहमतिका आधारमा पनि मुद्दा फिर्ताको क्रम जारी रहेको जानकारी दिए।

## तीन प्रदेशसभा सदस्यसहित एक कर्मचारीमा कोरोना संक्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

गण्डकी प्रदेशसभाका तीन प्रदेशसभा सदस्यसहित एकजना कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

प्रदेशसभामा मङ्गलबार प्रदेशसभा सदस्यसहित १५३ जनाको कोरोना परीक्षण गरिएको प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक सपना सुवेदीले जानकारी दिनुभयो। मङ्गलबारको बैठकको शुरुमै नेकपा एमालेका तर्फबाट प्रदेशसभा सदस्य राजीव पहारीले कोरोना परीक्षण गरेर मात्र बैठक चलाउन माग गरेसँगै सत्तापक्षीय सदस्यहरूले बैठक अवरुद्ध गरेका थिए। प्रदेशसभाको विशेष अधिवेशन अन्तर्गतको बैठकको कार्यसूचीमा मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ विरुद्धको अविश्वासको प्रस्तावमाथि छलफल गर्ने कार्यक्रम रहेको थियो । बैठक अवरुद्ध भएपछि बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा पिसिआर परीक्षण गरेपछि मात्रै बैठक चलाउने सहमतिबमोजिम मङ्गलबार प्रदेशसभा सदस्य एवम् कर्मचारीको पिसिआर परीक्षण गरी आज १ बजेका लागि बैठक बोलाइएको छ।

पिसिआर परीक्षणमा कोरोना सङ्क्रमण देखिएमा उक्त सदस्यले छलफलमा भाग लिन नपाउने तर मतदानमा भने भाग लिने गरी सहमति भएको छ।

## आयुर्वेद चिकित्साबाट पनि उपचार शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

मादी गाउँपालिका-१० थुम्सीकोटमा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्र(पिएचसी)मा आयुर्वेद औषधालय शाखा स्थापना गरिएको छ।

गाउँपालिकासहित लमजुङको उत्तर पश्चिम भेगका नागरिकलाई आधारभूत स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको स्वास्थ्य केन्द्रमा गण्डकी प्रदेश आयुर्वेद औषधालय केन्द्रले शाखा सञ्चालनमा ल्याएको छ। सङ्घीय सरकारको जीवनशैली व्यवस्थापन कार्यक्रमअन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र रहेका ठाउँमा आयुर्वेद औषधालयको सेवा सञ्चालनको योजनाअनुसार चिकित्सकसहित आयुर्वेदको सेवा विस्तार गरिएको प्रदेश आयुर्वेद औषधालय पोखराका प्रमुख कुमार कासुलाले बताए । उनका अनुसार गाउँपालिका र स्वास्थ्य केन्द्रले उपलब्ध गराएको भौतिक पूर्वाधार संरचनाको प्रयोग गरेर योग, प्राणायाम, ध्यानलगायतका उपचार पद्धतिका माध्यमबाट नसर्ने र दीर्घ रोगको उपचारका लागि विशेष जोड दिइने छ । कासुलाले भन्नुभयो, "नेपालको मौलिक चिकित्सा पद्धतिका रूपमा रहेको आयुर्वेदको ज्ञान वर्षौदेखि नजानिँदो किसिमले पनि पुस्तान्तरण भइरहेको छ, जडिबुटीको प्रयोग हुने आयुर्वेद औषधीको प्रयोगमार्फत ग्रामीण क्षेत्रका जनतालाई स्वास्थ्य सुविधा प्रदान गर्न शाखा सञ्चालनमा ल्याएका हौं।"

यसैगरी बाथ रोगका लागि स्नेहन(मालिस) र स्वयदन( बाफले सेक्ने) लगायतका पद्धतिबाट समेत बिरामीको उपचार गरिने शाखा प्रमुख डा दीपक भुसालले बताउनुभयो । नेपाल सरकारले तोकेका २३ थरीका विभिन्न आयुर्वेद औषधी पनि निःशुल्क विरतण गरिने उहाँले जानकारी दिनुभयो । आयुर्वेद चिकित्सक र एक जना पञ्चकर्म सहायक गरी दुई जनाले सो शाखाबाट बिरामीलाई सेवा प्रदान गर्नेछन् । गण्डकी आयुर्वेद औषधालयलेयसअघिविसं२०७५ मा माछापुच्छ्रे गाउँपालिका-६ भिँडाबारीमा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा पनि शाखा सञ्चालमा ल्याएको थियो। आयुर्वेद प्रमुख कसुजाका अनुसार चालू वर्षमा मादी गाउँपालिकाको सिक्लेस, अन्नपूर्ण गाउँपालिकाको नौडाँडा र पोखरा महानगरपालिका-२२ पुम्दीभुम्दीमा गरी तीन वटा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी परामर्श सेवासहित आयुर्वेद औषधी निःशुल्क वितरण गरिएको जनाइएको छ।

## नेपालको आर्थिक वृद्धिदर ३.१ प्रतिशतमा सीमित रहने एडिबीको प्रक्षेपण

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

एशियाली विकास बैंकले नेपालको कूल गार्हस्थ्य उत्पादन गत वर्षको तुलनामा १.९ प्रतिशतले सङ्कुचित भई ३.५ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरेको छ।

बैंकले बुधबार जारी गरेको 'एशियाली विकास परिदृश्य'अनुसार कोभिड-१९ को सङ्क्रमण घटेसँगै अर्थतन्त्रमा आएको केही सुधार र रोगको फैलावटले त्यसलाई पुनः प्रभावित तुल्याउने

**बाँकी अन्तिम पृष्ठमा ▶▶**




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# नेका हेमजाले पोखरा-२५ को वडा कार्यलयलाई बुझायो ज्ञापन पत्र

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

पोखरा महानगरपालिका २५ नं. वडा कार्यालयलाई नेपाली काँग्रेस पोखरा-२५ इकाईले ज्ञापन पत्र पेश गरेको छ।

नेपाली काँग्रेसको एक अनुगमन समितिले हेमजावासीसँग प्रत्यक्ष भेटघाटबाट समस्या पहिचान गरी ती समस्या तत्काल समाधान गर्न वडा कार्यालाई ज्ञापन पत्र वुझाएको नेपाली काँग्रेस पोखरा-२५ हेमजा इकाइका सभापति मधुसुदन त्रिपाठीले जानकारी दिए। उक्त ज्ञापन पत्र सभापति त्रिपाठी र सहसभापति दानबहादुर थापाले पोखरा-२५ हेमजाका कार्यवहाक अध्यक्ष दलबहादुर कुँवर र वडा सदस्य जितबहादुर कार्कीलाई हस्तान्तरण गरेका थिए । धेरै विकासका सम्भावनाहरु भएको यस वडामा आम हेमजावासीले अपेक्षा गरे अनुरुपको विकास र सुविधाबाट बञ्चीत भएकोले तत्काल सुधार्न ज्ञापन पत्र मार्फत आग्रह गरीएको छ। स्थानीय तहको निर्वाचन पश्चात वडाबासीले



जनप्रतिनिधिहरुबाट जुन आशा, इच्छा र आकाक्षा लिएका थिए सो हुन नसकेको भन्दै विकासका पूर्वाधारहरुलाई गम्भीरतापूर्वक लिएर छिट्टै व्यवस्थापन गरी कार्यक्रमहरु ल्याउनु पर्ने ज्ञापन पत्रमा उल्लेख गरिएको छ।

ज्ञापन पत्रमा घर जग्गा र अन्य कर, फोहोर मैला व्यवस्थापन, खानेपानी, सडक/पुलका काम आम हेमजावासीले सास्ती खेप्न परेको गुनासो आएकोले अविलम्व समाधान गर्न आग्रह गरिएको छ।

त्यस्तै लक्षितवर्ग कार्यक्रममा पारदर्शी नदेखिएको र आफन्तलाई मात्र वितरण गर्ने मनसाय राखेको यसलाई तत्काल सुधारेर हेमजावासीले अनुभूति गर्ने वनाउन ज्ञापन पत्रमा उल्लेख गरिएको छ।

नक्सा पास, निर्माण सम्पन्नको प्रमाण, विभिन्न सिफारिसपत्र आदिको लागि सेवाग्राही छिटो छरितो सेवा दिन आग्रह गरिएको छ। निर्वाचित प्रतिनिधिहरू विकास निर्माणमा संलग्नभई नीतिगत निर्णय गर्नुपर्ने र जनताका समस्या समाधान गर्न बढी क्रियाशील हुनुपर्नेमा सो नदेखिनु, वडाभित्र रहेका वास्तविक सुकुम्बासीहरूको पहिचान गरी उनीहरूको आधार भूत माग सम्बोधन गर्न पहल गर्नुपर्ने र फाराम भर्न छुटपुट भएकाहरूलाई अविलम्ब प्रक्रियामा लैजानुपर्ने, यस वडामा अत्यन्त कम बजेट विनियोजन भएको देखिएकोले वडामा बजेटपार्न वडा प्रमुखले विशेष पहलगरी थपबजेटको व्यवस्था गर्नुपर्ने ज्ञापन पत्रमा उल्लेख गरिएको छ। सुईंखेत खोलाकानदीजन्यसामाग्रीहरुवडाले आफ्नो मनोमानी ढंगबाट आँफुखुशीका मानिसहरु लाई उपलब्ध गराएको भन्ने जनगुनासो आएकोलाई यसलाई अविलम्व रोक्न आग्रह गरिएको छ।

ज्ञापन पत्र बुझ्दै कार्यवहाक अध्यक्ष दलबहादुर कुँवरले वास्तविक समस्याहरु पहिचान गरि जनप्रतिनिधिलाई काम गर्न सहज बनाएको बताउदै यी साझा समस्यालाई हल गर्न वडा कार्यलय कटिवद्धभएर लाग्ने बताए।

अनुगमन समितिको संयोजकमा दानबहादुर थापा, सदस्य सचिवमा मोतीराज तिमिल्सिना, तथा सदस्यहरुमा नीलकण्ठ पौडेल, दयाराम बास्तोला, दानबहादुर भुजेल, नरबहादुर सापकोटा, नारायणबहादुर कुँवर, दिपकबहादुर थापा, मैयाँ सापकोटा, भीमप्रसाद श्रेष्ठ, र गणेशप्रसाद अधिकारी रहेका थिए।



मौरीघार : तनहुँको शुक्लागण्डकी नगरपालिका-१ थप्रेकस्थित एक घरमा मौरीपालनका लागि बनाइएको काठको घार। गाउँघरमा अझै पनि काठका घार बनाएर मौरी पाल्ने चलन छ। रासस

# लायन्स क्लब अफ पोखरा गण्डकी प्रदेशमा सुवेदी

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

लायन्स क्लब अफ पोखरा गण्डकी प्रदेशको मंगलबार साँझ सम्पन्न निर्वाचनबाट वर्ष २०२१/०२२ का लागि अध्यक्षमा लायन कुश्मराज सुवेदी निर्वाचित भएका छन्।

यसअघि, प्रथम उपाध्यक्ष रहनुभएका सुवेदी सर्वसम्मत रुपमा अध्यक्षमा निर्वाचित भएका हुन् । क्लबको निवर्तमान अध्यक्षमा लायन कोपिला श्रीस, प्रथम उपाध्यक्षमा लायन उषा थापा, द्वितीय उपाध्यक्षमा लायन रूद्रबहादुर श्रीस, तृतीय उपाध्यक्षमा लायन सन्तु सुवेदी, सचिवमा लायन सुशीला विक



निर्वाचित भएका छन् । त्यसैगरी, प्रशासकमा लायन सञ्जु शर्मा, कोषाध्यक्षमा लायन विनिता सुवेदी, सह-सचिवमा लायन देवी थापा, सह-कोषाध्यक्षमा लायन सुरेन्द्र थापा, मेम्बरसिप चेयरपर्सनमा लायन सूर्य श्रीस, एलसीआईएफ संयोजकमा लायन तारा बुढा, क्लब सर्भिस चेयरपर्सनमा लायन पुष्पा घले पहारी, क्लब मार्केटिङ चेयरपर्सनमा लायन मीना तिवारी, जनसम्पर्क अधिकृतमा लायन लीला वस्ती, टेमरमा लायन विष्णु छन्त्याल, टेल ट्वीष्टरमा लायन रञ्जु कार्की र निर्देशकमा लायन खिम छन्त्याल र लायन वीरेन्द्रकुमार पुन निर्वाचित भएका छन्।

अन्य पदहरूमा पछि प्रक्रिया बमोजिम मनोनित गरिने क्लबकी संस्थापक अध्यक्ष लायन कोपिला श्रीसले जानकारी दिए। क्लबका एक्टेन्सन चेयरपर्सन एवं एडिशनल क्याबिनेट सेक्रेटरी लायन विकास भुर्तेलले निर्वाचनको संयोजन गरेका थिए।

# दूरसञ्चार प्राधिकरणको सेवा अनलाइनमार्फत

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

नेपाल दूरसञ्चार प्राधिकरणबाट प्रवाह हुने सबै सेवा बुधबारदेखि अनलाइनमार्फत हुने भएको छ।

प्राधिकरणमा कार्यरत आठजनाभन्दा बढी कर्मचारीमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएसँगै सबै काम अनलाइनमार्फत हुने भएको हो। प्राधिकरणले एक सूचना जारी गरी अर्को सूचना जारी नहुँदासम्म हाल हुँदै आएका सम्पूर्ण कार्य अनलाइनमार्फत हुने जनाएको हो । प्राधिकरणका प्रवक्ता सन्तोष पौडेल प्राधिकरणबाट प्रवाह हुँदै आएका सेवाका लागि सेवाप्रदायक कम्पनीहरूले अनलाइनमार्फत जानकारी गराउनुपर्ने बताउछन् । "हामीले अनुमतिपत्र प्राप्त सबै सेवा प्रदायक कम्पनीलाई प्राधिकरणबाट हुने कार्यका लागि सहजीकरण गर्छौं। यसअघि हुँदै आएको सबै नियमित कामहरू यथावत् हुन्छ। आवश्यक कामका लागि प्राधिकरणको इमेलमा अनलाइनमार्फत जानकारी गराउनुपर्ने हुन्छ", उनले भने । "प्राधिकरणको सेवा सञ्चालन मार्गदर्शन, २०७७ मा उल्लेख भएअनुससार बढीमा एक तिहाइ कर्मचारीको उपस्थितिमा सेवा प्रदान गर्ने भन्ने व्यवस्था भए तापनि हाल प्राधिकरणका आठ जनाभन्दा बढीमा कोरोना देखिएको छ । अन्य कर्मचारीमा सङ्क्रमण अझ बढ्न सक्ने भएकाले कोभिड-१९ को दोस्रो चरणको सङ्क्रमणलाई ध्यानमा राख्दै आजदेखि प्राधिकरणबाट हुने सबै काम 'वर्क फर्म होम'को व्यवस्थाअनुसार मिलाइएको हो ", प्राधिकरणले जारी गरेको सूचनामा भनिएको छ। प्रवक्ता पौडेलका अनुसार घरबाटै काम गर्ने कर्मचारीहरूले बिहान १० देखि बेलुका ५ बजेसम्म अनलाइनमा बसी अफिस अटोमेशन सिस्टमबाट काम गर्ने व्यवस्था मिलाइएको छ । उहाँले घरबाटै काम गर्ने कर्मचारीले ई-हाजिरी प्रणालीमार्फत अनिवार्य रूपमा हाजिर गर्नुपर्ने बताए । यदि कार्यालयलाई आवश्यक परेको खण्डमा महाशाखा प्रमुखको निर्देशनमा भौतिक रूपमा उपस्थित भई कार्यालयको कामकाज गर्नुपर्ने छ।

# खोप लगाएका दुई स्वास्थ्यकर्मीमा कोरोना संक्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

कोरोनाविरुद्ध खोप लगाएका बागलुङका दुई स्वास्थ्यकर्मीलाई नै कोरोना सङ्क्रमण पुष्टि भएको छ।

मङ्गलबार बागलुङका १५ जनामा कोरोना पोजेटिभ देखिएकामा दुई स्वास्थ्यकर्मी रहेको जिल्ला स्वास्थ्य कार्यालय बागलुङका कोराना फोकल पर्सन देवप्रकाश घिमिरेले जानकारी दिए। दुई महिला स्वास्थ्यकर्मीले दुई डोज कोरोना खोप लगाए पनि कोरोना सङ्क्रमण देखिएकाले थप सतर्कता रहन स्वास्थ्यकर्मीले आग्रह गरेका छन् । "खोप लगाएको भनेर ढुक्क हुने अवस्था छैन", घिमिरेले भने, "जिल्लामा थप सचेतता अपनाउन जरुरी हुन्छ नत्र अवस्था चिन्ताजनक हुनेछ ।" चौध जना पिसिआर र एक जना एन्टिजेन परीक्षणमा गर्दा १५ जनामा कोरोना पुष्टि भएको छ। यससँगै सङ्क्रेमित जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या ८४ पुगेको छ।

# दुर्घटनामा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, १५ बैशाख**

तनहुँको ऋषिङ गाउँपालिका-१ धारापानीमा बुधबार साँझ स्कुटर दुर्घटनामा एक जनाको मृत्यु भएको छ।

दमौलीबाट जाँदै गरेको ग१८प ३७७ नम्बरको स्कुटर अनियन्त्रित भई पल्टँदा ऋषिङ-४ बस्ने ३७ वर्षीय सन्देश गजमेरको मृत्यु भएको हो।

उनलाई दमौली अस्पतालका चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिए।

दुर्घटनामा सोही ठाउँ बस्ने ३७ वर्षीया पवित्रा रानाभाट घाइते भएकी छन् । निजलाई थप उपचारका लागि पोखरा पठाइएको प्रहरीले जनाएको छ।

# थप चार हजार ८९७ मा कोरोना पुष्टि

**रासस**
**काठमाडौं, १५ बैशाख**

नेपालमा पछिल्लो २४ घन्टामा चार हजार ८९७ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ। पछिल्लो २४ घण्टामा १४ हजार ८३४ जनाको परीक्षण गर्दा चार हजार ८९७ मा कोरोना पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको हो। तेह्र हजार ८७९ को पीसीआर गर्दा चार हजार ७७४ र ९५५ जनाको एन्टीजेन गर्दा १२३ जनामा कोरोना पुष्टि भएको हो।

कूल सङ्क्रमितमध्ये हाल ३० हजार २०९ सक्रिय सङ्क्रमित छन् । त्यस्तै कूल सङ्क्रमितमध्ये दुई हजार ४७ जना मात्र काठमाडौँ उपत्यकामा भेटिएका छन् । काठमाडौँमा एक हजार ४६४, ललितपुरमा ३५१ र भक्तपुरमा २३२ सङ्क्रमित भेटिएको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा रिपोर्ट प्राप्त भएअनुसार १७ सङ्क्रमितको मृत्यु भएको मन्त्रालयले जनाएको छ । हालसम्म मृत्यु हुने सङ्क्रमितको सङ्ख्या तीन हजार २११ पुगेको छ। पछिल्लो २४ घण्टामा ७७३ जना उपचारपछि निको भएर घर फर्किएका छन्।

कोभिड-१९ को संक्रमण फैलन नदिन सम्पूर्ण उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलहरुले बस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरण लगायतका कार्यहरु गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocal) अनिवार्य पालन गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## नेपालको ...


जोखिम बढेकाले प्रक्षेपण गरिएको आर्थिक वृद्धिदर हासिल गर्न कठिन हुनेछ । धानको उत्पादन वृद्धि हुने अपेक्षा गरिएकाले कृषि उत्पादकत्व २.४ प्रतिशतले बढ्ने तथा औद्योगिक क्षेत्रको वृद्धि २.५ प्रतिशत र सेवा क्षेत्रको बढोत्तरी ३.४ प्रतिशतले हुने अनुमान पनि बैंकले गरेको छ। मेलम्ची खानेपानी आयोजना पूरा भई काठमाडौँ उपत्यकामा जल प्रवाह भएको र माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले पहिलो चरणको उत्पादन प्रारम्भ गर्ने अनुमानका साथ निर्माण क्षेत्रले पनि अर्थतन्त्रमा भरथेग गर्ने विश्वास परिदृश्यमा व्यक्त गरिएको छ।

## जनमोर्चाको ...

खिम बिक्रम शाही बुधबार अचानक १२ बजेदेखि बिरामी भै उपचार भैरहेको र उपचारको सिलशिलामा आफ्नै भाई जुन बिक्रम शाहीसंगै रहेको सांसद शाहीका स्वकिय सचिव मिलन हमालले सामाजिक संजालमा पोष्ट गरेका थिए । उनको मोबाइल अफ छ सबै शुभचिन्तकहरुलाई नआत्तिन हमालले अनुरोध समेत गरेका थिए।

जनमोर्चाका गण्डकी प्रदेश अध्यक्ष शंकर बरालले अस्पतालमा आफ्ना सांसद भेट्न जादा समेत अस्पतालले भेट्न नदिएको गुनासो गरे । उनले सडेन्त्रको गन्त भएको दाबी समेत गरेका छन्। एकै दिनमा गरीएको पिसिआर परिक्षण रिपोर्ट फरक आउनु निकै शंकास्पद भएको विज्ञहरुले बताएका छन्।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# संसदीय प्रणालीलाई बद्नाम गराउने काम

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ विरुद्धको अविश्वास प्रस्तावमाथि मतदान बेला प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ । अविश्वासको प्रस्ताव पारित हुने अवस्था नदेखाएपछि प्रदेश सभा सचिवालयले अर्को सुचना नभए सम्मका लागि स्थगित गरिदिएको छाबैठक चलिरहेका बेला बुधबार २ जना सांसद अनुपस्थित भएपछि अविश्वासको प्रस्ताव पारित नहुने अनुमान विपक्षी गठबन्धनलाई थियो । राष्ट्रिय जनमोर्चाका सांसद खिमविक्रम शाही र स्वतन्त्र सांसद राजीव गुरुङ उर्फ दीपक मनाङे अनुपस्थित भएको हल्ला चलेको थियो । दुवैको मोबाइल अफ भएको र कुनै सांसदसँग उनीहरुको सम्पर्क नभएको कांग्रेस, माओवादीले  हल्ला चलाए । अविश्वास प्रस्तावमाथिको मतदान रोकेर सभामुख नेत्रनाथ अधिकारीले मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ र प्रस्तावित मुख्यमन्त्री कृष्णचन्द्र पोखेलको चलखेललाई बढाई दिएका छन ।  अविश्वास प्रस्ताव निर्णयार्थ प्रस्तुत हुने कार्यसूची प्रकाशन भएको थियो ।

वैशाख २ गते संसद सचिवालयमा दर्ता अविश्वास प्रस्तावमा २८ सांसदले हस्ताक्षर गरेका छन् । कांग्रेसका १५, माओवादीका ११ र जनता समाजवादी पार्टीका २ सांसदले हस्ताक्षर गरेका हुन् । १२ सांसद रहेको माओवादीबाट १ जनचाहिँ सभामुख छन् । ३ सांसद रहेको राष्ट्रिय जनमोर्चाको पार्टी केन्द्रले आफ्ना सांसदलाई अविश्वासको पक्षमा मतदान गर्न निर्देशन गरेको थियो । जनमोर्चाका प्रत्यक्ष निर्वाचित सांसदलाई कार्यकर्ताले कांग्रेसलाई मत नहाल्न दबाब दिदै आएका छन।निर्णायक मानिएको जनमोर्चामा आएको खटपटीले संसदीय प्रणालीको बद्नाम गराएको छ ।

संसदीय प्रणाली र संघीयताको विरोध गर्ने राष्ट्रिय जनमोर्चा आफै फोहोरी खेलमा फसेको छाकहिले बामपंथी एकताको नारा दिएर चुनाव जित्ने कहिले मित्रसक्तिलाई हटाउन दक्षिणपन्थीसंग मिल्ने चरित्रले विवादमा तानिएको छा राष्ट्रिय जनमोर्चाका तीन सांसद तीनतिर लागेका छन् । सांसद खिमविक्रम शाही विरामी भएको भन्दै अनुपस्थित भएपछि कांग्रेस र माओवादीले पेस गरेका अविश्वास प्रस्ताव पारित नहुने निश्चित भएको थियो । शाही बेपत्ता भएको भन्दै जनमोर्चाकै सचेतक पियारी थापाले उनको खोजी गर्न माग गर्दै प्रदेश सभा बैठकको कारवाही रोक्न निवेदन दिइन् । उनले निवेदन दिए लगत्तै सभामुख नेत्रराज अधिकारीले एकतर्फी रुपमा सूचना टाँसेर प्रदेश सभा बैठक अनिश्चितकालका लागि स्थगित गरे ।

सभामुखले एकतर्फी रुपमा प्रदेश सभा स्थगन गरेको भन्दै जनमोर्चा संसदीय दलका नेता कृष्ण थापाले आपत्ति जनाएका छन् । एकातिर जनमोर्चाकै सचेतकका निवेदनलाई सिरानी हालेर सभामुखले संसद स्थगित गरेका छन् भने अर्कोतिर दलका नेताले स्थगनको विरोध गरेका छन् । सभामुखले बैठक स्थगित गर्नु संसदीय व्यवस्थाको गन्धा खेल हो । आफ्नो स्वार्थपूर्ति भए छिटो गर्नुपर्ने नत्र ढिला गर्ने खेल रहेछ । भनेर जनमोर्चाले तमासा देखाएको छ । जनमोर्चाको केन्द्रले मुख्यमन्त्री  गुरुङविरुद्धको अविश्वास प्रस्तावलाई साथ दिए पनि प्रदेश सभामा पियारी थापामात्र त्यस निर्णयको पक्षमा देखिएकी छन् । जनमोर्चाका दुई सांसद पार्टीको निर्णय स्थानीय कार्यकर्ता र जनताको भावना विपरित रहेको भन्दै विपक्षमा छन् । बागलुङबाट जितेका दुवै सांसदले पार्टीको निर्णयले जिल्लामा भोलिका दिनमा राजनीति गाह्रो हुने बताएका छन् । निर्णय लाद्ने नेता भन्दा मतदान गर्ने जनताको कुरा सुन्दा चेपुवामा परेका छन।शाहीले कोभिड को सहारा लिन पुगेका छन ।जनमोर्चाको द्वैध चरित्रले गर्दा सांसद संगै मुख्यमन्त्री गुरुङले सत्ता जोगाउन गलत हरकत गरेको आरोप खेप्नुपरेको छाएक सांसदको कारण सभामुख, मुख्यमन्त्री, संसदीय प्रणाली र पार्टीको चरित्रलाई जनतामा बद्नाम गराएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शारिरीक झमेला | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।


# तनहुँको व्यासमा विद्यालय बन्द

**पोखरापत्र संवाददाता**
**तनहुँ, १५ बैशाख**

व्यास नगरपालिका क्षेत्रभित्रका सामुदायिक एवं संस्थागत शैक्षिक संस्थामा वैशाख बुधबारदेखि भौतिक उपस्थितिमा कक्षा सञ्चालन बन्द गरिएको छ ।

व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा मङ्गलबार सम्पन्न बैठकले विद्यमान कोभिड-१९ को असर र प्रभावलाई मध्यनजर गर्दै व्यास नपाभित्रका सम्पूर्ण सामुदायिक एवं संस्थागत शैक्षिक संस्थाट सञ्चालन हुँदै आएका भौतिक उपस्थितिका कुनै पनि कक्षा सञ्चालन नगर्न आग्रह गरेको छ ।

कक्षागत आन्तरिक परीक्षा भौतिक द्ररी कायम गर्दै स्वास्थ्य सुरक्षासम्बन्धी सम्पूर्ण मापदण्ड कडाइका साथ पालना गर्ने/गराउने व्यवस्था मिलाई फरक-फरक सिफ्टमा परीक्षा सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउन शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरेको छ । व्यास नगरपालिका कार्यालयद्वारा मूल्याङ्कन गरी पेश हुन आएको नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्रतिवेदनउपर बृहतरूपमा छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो । नगर विकास कोषको ऋण सहयोगमा व्यास नगरपालिकाको संयुक्त लगानीमा कार्यालय परिसरको उत्तर-पूर्वतर्फ निर्माण प्रस्ताव गरिएको बहुउदेश्यीय भवन निर्माणका लागि आवश्यक प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने कार्यका लागि आवश्यक प्रक्रिया अगाडि बढाउनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरेको छ ।

# पर्यटकीय एवं धार्मिक क्षेत्रमा प्रवेश गर्न रोक

**पोखरापत्र संवाददाता**
**तनहुँ, १५ बैशाख**

तनहुँका पर्यटकीय एवं प्रसिद्ध धार्मिकस्थलमा पर्यटक र भक्तजनलाई प्रवेशमा रोक लगाइएको छ । पछिल्लो समय पुनः महामारीका रूमा कोभिड-१९ को सङ्क्रमण फैलिँदै जान थालेपछि कम गर्नका लागि प्रवेशमा रोक लगाइएको हो । छाब्दी बाराही मन्दिरमा पूजाअर्चनाका लागि बन्द गरिएको छ । जिल्लास्तरी कोभिड सङ्कट व्यवस्थापन समितिले मठमन्दिरलगायत धार्मिक र पर्यटकीयस्थलमा भीडभाड नगर्न निर्देशन दिएपछि सोमबारदेखि नै बन्द गरिएको छाब्दीबाराही मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रेम थापाले जानकारी दिनुभयो ।

त्यसैगरी ढोरबाराही मन्दिरमा आजदेखि भक्तजनलाई प्रवेशमा रोक लगाइएको छ । नित्य पूजाअर्चनाबाहेक भक्तजनलाई प्रवेशमा रोक लगाइएको छ । गत वर्ष चैतदेखि शुरु भएको कोरोना सङ्क्रमण असारपछि क्रमिकरूपमा घट्दै गएपछि मन्दिरमा भक्तजनको चाप बढ्दै गएको पुजारी चिरञ्जीवी लम्सालले बताउनुभयो ।

इलाका प्रहरी कार्यालय बेलचौतराबाट आएको प्रहरी टोली पूजाअर्चना मङ्गलबारबाटै रोक्न भने पनि टाढा-टाढाबाट भक्तजन आएकाले आजदेखि बन्द गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो । शुक्लागण्डकी नगरपालिका-९ बाजस्थलमा रहेको ढोरबाराही मन्दिर भगवान् विष्णुको तेस्रो अवतारका रूपमा लिइन्छ । मन्दिरको दर्शन गरेमा भाकल पूरा हुने, रोगव्यादी निको हुने जनविश्वास छ । मनोकाङ्क्षा पूरा हुने भएकाले उक्त मन्दिरमा पूजाअर्चना र बलि दिनका लागि छिमेकी जिल्ला स्याङ्जा, कास्की, गोरखा, लमजुङ, पाल्पा, नवलपुर, चितवनबाट भक्तजन आउने गर्छन् । कोरोना सङ्क्रमण फैलिँदै जान थालेपछि जिल्लाका धार्मिक एवं पर्यटकीयस्थलमा मानिसलाई जमघट नहुन आग्रह गरिएको तनहुँका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अरुण पौडेलले बताउनुभयो । अनिवार्य मास्क लगाएर हिँड्न र जमघट भएर नबस्नका लागि जनचेतनामूलक कार्यक्रम गर्दै आएको उहाँले जानकारी दिनुभयो । जिल्लाका प्रसिद्ध धार्मिकस्थल अकला देवी, तनहुँ कालिका, थानीमाई, आँधीमूल, पर्यटकीयस्थल मानुङकोट, गलेखामकोट, परेवाडाँडा, बन्दिपुरलगायत क्षेत्रमा जमघट नहुन परिपत्रका साथ आग्रह गरिएको जिल्ला प्रशासन कार्यालय तनहुँले जनाएको छ ।

# भूकम्पका ६ वर्ष : पर्वतमा ठडिए पैँतीस सय घर

**पोखरापत्र संवाददाता**
**पर्वत, १५ बैशाख**

पर्वतमा भूकम्प गएको ६ वर्षमा तीन हजार ४४४ निजी आवास पुनःनिर्माण भएको छ । राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ अनुदान व्यवस्थापन तथा पूर्वाधार कार्यालयले निजी आवास पुनःनिर्माणको भौतिक प्रगति ८५ प्रतिशत र वित्तीय प्रगति ७७ प्रतिशत सम्पन्न भएको जनाएको छ ।

जिल्लामा भूकम्पले घर भत्किएको भन्दै अनुदान सम्झौता गर्नेको सङ्ख्या भने पाँच हजार ८७६ रहेको छ । यीमध्ये केही प्रवलीकरणतर्फका लाभग्राही रहेको कार्यालयले जनाएको छ । पुनःनिर्माणका लागि कार्यालयले अहिलेसम्म रु एक अर्ब ३३ करोड २० लाख वितरण भएको जनाएको छ । पूर्ण क्षति भएका लाभग्राहीलाई कार्यालयले तीन किस्तामा कूल रु तीन लाख र प्रवलीकरण गर्नुपर्ने लाभग्राहीलाई रु एक लाख उपलब्ध गराउँदै आएको छ ।

जिल्ला आयोजना कार्यालयका प्रमुख कृष्णराज गौतमले आगामी असार मसान्तसम्म जिल्लामा पुनःनिर्माणको काम सक्नुपर्ने दायित्व रहेको बताउनुभयो । प्रवलीकरणतर्फ कसैले पनि काम नगरेको हुनाले भौतिक प्रगति बढ्न नसकेको उहाँले बताउनुभयो । कार्यालयबाट ३४८ जनाले प्रवलीकरणबाट पुनःनिर्माणमा र १३० जनाले प्रवलीकरणबाट मर्मतमा परिवर्तन गरेको जनाएको छ । सडक पुनःनिर्माणको सूचीमा रहेको पातीचौर, मैदान लप्सीबोट सडक तीन किलोमिटर ७०० मिटर कालोपत्रे गर्ने काम अगाडि बढ्न सकेको छैन । यस सडकको केही खण्डमा ढलान गर्ने र नाली बनाउने कामबाहेक अरु काम अगाडि नबढेको कार्यालयको प्रगति प्रतिवेदनमा उल्लेख छ । विसं २०७२ वैशाख १२ को भूकम्पका कारण घर भत्किए पनि प्राविधिकले मूल्याङ्कन गर्दा क्षतिको सूचीमा नपारेको भन्दै जिल्लाका एक हजार ५९० जनाले प्राधिकरणका विरुद्धमा मुद्दा दर्ता गरेका छन् । ती मुद्दाको किनारा लाग्न केही समय लाग्ने पनि कार्यालयले जनाएको छ । लाभग्राहीले घर बनाउने कामलाई चासोका साथ नलिएको कार्यालयका सूचना अधिकारी पोषनाथ शर्माले बताउनुभयो । भनेको बेला डकर्मी, सिकर्मी नपाउने, मूल्याङ्कनका लागि प्राविधिक नआउने कारण काम गर्न अप्ठ्यारो भएको लाभग्राहीले गुनासो गर्दै आएका छन् ।

# पदयात्रा र घरबासमार्फत पर्यटक तान्दै उल्लेरी गाउँ

**–वासुदेव पौडेल**
**गण्डकी, १५ बैशाख (रासस)**

पर्यटकीय नगरी पोखराबाट नजिकै रहेको धेरै पर्यटकीय सम्भावना बोकेको ठाउँ हो उल्लेरी । पोखरा महानगरपालिका-२२ स्थित यो गाउँ प्रकृति र संस्कृतिले सम्पन्न छ । बाहुन, क्षेत्री, गुरुङ, दलित आदि जातजाति मिलेर बसेको यो गाउँबाट देखिने मनमोहक हिमश्रृङ्खला तथा पहाडी दृश्यले जो कोहीलाई लोभ्याउने गरेको छ ।

सम्भावना भएर पनि गाउँ पछि परेको अवस्थालाई दृष्टिगत गर्दै पछिल्लो दुई दशकयता यहाँका स्थानीयले पूर्वाधार विकाससँगै पर्यटकमैत्री संरचना निर्माणका कामलाई प्राथमिकताका साथ अघि बढाएका छन् । गाउँमा विभिन्न सांस्कृतिक कार्यक्रम एवं सभासम्मेलन गर्नका लागि लगभग २० वर्ष अघि समाज घर स्थापना गर्दै यहाँका स्थानीयले सांस्कृतिक गतिविधिलाई पनि अघि बढाउँदै आएका छन् ।

पोखरा नजिकको राम्रै पर्यटकीय गन्तव्यका रुपमा गाउँको विकास गर्न सकिने अवस्थालाई दृष्टिगत गरी गत वर्षदेखि यहाँका चार वटा घरमा घरबास सञ्चालन गरिएको उल्लेरी सामुदायिक होमस्टेका सचिव दुर्गाबहादुर गुरुङले जानकारी दिनुभयो ।

होमस्टेमा आउने पर्यटकका लागिस्थानीयप्राङ्गारिकउत्पादनका परिकार खुवाउने गरिएको उहाँले बताउनुभयो । घरबासमा आ उने पर्यटकलाई बेलुका आउनासाथ मकै, भट्ट आदिको खाजाका साथै बेलुकाको खाना र विहान नास्ता गरी प्रतिव्यक्ति प्याकेजमा रु एक हजार लिने गरिएको उहाँले बताउनुभयो । यहाँ आउने पर्यटकले गाउँमाथि रहेको थाप्लोमा पुगी टाढाटाढासम्मको हिमाल तथा पहाडी विभिन्न दृश्य एकसाथ अवलोकन गर्न पाउने अर्का स्थानीयवासी जीतबहादुर गुरुङले बताउनुभयो । समुद्री सतहदेखि करिब दुई हजार ५६ मिटर उचाइमा रहेको यस ठाउँलाई थाप्ले टाइगर हिलका रुपमा लिँदै यसको प्रवर्द्धन र विकासमा स्थानीयवासीले सक्रियता देखाएको स्थानीय समाजसेवी मीनप्रसाद लामिछानेले बताउनुभयो । थाप्ले स्थानीयको धार्मिक आस्था र विश्वासयुक्त तीर्थस्थल हो । जनविश्वास अनुसार यहाँ एक जना सिद्ध बाबाले कुटी स्थापना गरी तपस्याका माध्यमबाट ज्ञान प्राप्त गरेका थिए । यहाँ बुद्ध जयन्तीका दिन विशेष पूजाआजा गरिन्छ । मनोकांक्षा पूरा हुने विश्वासका कारण यहाँ पुग्ने सर्वसाधारणले घण्टी र ध्वजा चढाउने गर्दछन् । थाप्लेबाट पोखरा मात्र नभै लमजुङ, गोरखा, पाल्पालगायत स्थान एक साथ अवलोकन गर्न सकिन्छ । धवलागिरि, अन्नपूर्ण, माछापुच्छे, गौरीशङ्करलगायतका हिमाली दृश्यका साथै पञ्चासेको लेक र पाल्पासम्मका दृश्यले जो कोहीलाई लोभ्याउने गरेको थाप्ले टाइगर हिलका अध्यक्ष मानसिंह गुरुङले बताउनुभयो ।

थाप्लेमा कास्की र स्याङ्जाका उल्लेरी, गलेम, ढाबा, भुम्दी र मकवानपुर आदि स्थानका सर्वसाधारण श्रद्धा र विश्वासका साथ पूजाआजा गर्न आउँछन् । यो ठाउँ प्याराग्लाइडिङको साथै उल्लेरी-भुम्दी-गलेम टोर्के हुँदै पदयात्रा एवं हाइकिङको पनि उत्तिकै सम्भावनायुक्त छ । पछिल्ला दिनमा यहाँको प्रचारप्रसारका साथै पूर्वाधार विकासका कामलाई तीव्रताका साथ अघि बढाइएको होमस्टेका सचिव गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार थाप्लेमा मन्दिर वरपर ४०० मिटरको पर्खाल निर्माण गरिएको छ भने दुई वटा पोखरी बनाइएको छ ।

उल्लेरीदेखि थाप्लेसम्म पुग्नका लागि प्रदेश सरकारको रु २० लाख सहयोगमा ढुङ्गाको सिँढी निर्माण गरिएको छ । प्रदेश सरकारकै सहयोगमा कुभिण्डेबाट उल्लेरीसम्म रु पाँच लाखको लागतमा सिँढीबाटो निर्माण भैसकेको उहाँले जानकारी दिनुभयो । युवाको खेलप्रतिको आकर्षणलाई दृष्टिगत गरी गुरुङकै संयोजकत्वमा रु १२ लाख २५ हजार सहयोग सङ्कलन गरी हालै बहुउद्देश्यीय बास्केटबल कोर्ट निर्माण गरिएको छ । थाप्लेमा पोखरा महानगरपालिकाको सहयोगमा रु १२ लाखको लागतमा शौचालयका साथै भ्युटावर निर्माण गर्न लागिएको गुरुङले बताउनुभयो । कुभिण्डेबाट उल्लेरी हुँदै थाप्ले र पञ्चासेसम्मको पदयात्रालाई पनि सँगसँगै अघि बढाउने सम्भावना रहेको ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल(टान) पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष सुशीलराज पौडेलले बताउनुभयो । “हामी उल्लेरीको घरवास सँगै यहाँको पदयात्रा पर्यटनलाई पनि सँगसँगै जोड्दै छौँ”, उहाँले भन्नुभयो, “पदयात्रा पर्यटनसँगै जाने पर्यटकलाई खान बस्नका लागि घरवबासलाई व्यवस्थित गर्दै जानु आवश्यक छ ।”

# कोरोनाले सिकाएको पाठ : प्राङ्गारिक उत्पादनतर्फ किसान

**– ध्रुवसागर शर्मा**
**म्याग्दी, १५ बैशाख (रासस)**

विगत २८ वर्षदेखि कृषि पेशामा लागेका म्याग्दीको बेनी नगरपालिका-२ खबराका ५८ वर्षीय चन्द्रबहादुर कार्की पछिल्लो डेढ वर्षयता आफूले फलाएको तरकारीको माग बढेपछि दङ्ग पर्नुभएको छ ।

जिल्लाको नयाँ पर्यटकीयस्थल लभ्लीहिल नजिकैको १२ रोपनी खेत र बारीमा प्राङ्गारिक तरकारी खेती गर्दै आउनुभएका कार्कीले यसअघि कहिल्यै पनि प्राङ्गारिक तरकारीको बिक्री यति धेरै भएको थाहा पाउनुभएको थिएन । “म विगत २८ वर्षदेखि तरकारी खेतीमा छु, मेरो जीवनको उर्वर समय मैले मेरै खेतबारीको माटोमा बिताएको छु”, कार्कीले भन्नुभयो, “तर कोरोना कहर शुरु भएयता जसरी मैले फलाएको तरकारी बिक्री भयो, त्यसरी यसअघि कहिल्यै पनि भएको थिएन ।” विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना सङ्क्रमण जतिजति बढ्दै गयो, मानिसले आफ्नो स्वास्थ्यलाई ध्यान दिई प्राङ्गारिक खानेकुराको मात्रा बढाउँदै लगे । विशेषगरी आयातित तरकारी र फलफूल नपाइने वा मानिसले त्यसलाई ध्यान नदिने भएपछि सदरमुकाम नजिकै रहेका कृषककहाँ पुगेर नै बजारका मानिसहरूले तरकारी खरिद गर्न थालेपछि कार्कीजस्तै व्यावसायिक तरकारी खेतीमा लागेका किसानका उत्पादनले बजार पाउन थालेका हुन् । कृषक कार्कीको खेतबारीमा प्राङ्गारिक तरकारी र फलफूल झुलिरहेका छन् । शारीरिक व्यायामका लागि बिहान लभ्लीहिलमा जाने बजारका गृहिणी, युवायुवती वा बटुवाले कार्कीको बारीमा पसेर ताजा तरकारी खरिद गरी फर्कने गरेका छन् ।

त्यसैगरी खबराका अर्का कृषक शोभित शर्मा, डाँडाखेतका नारायण पौडेल, बाबियाचौरका धर्मराज सुवेदीलगायतका जिल्लाका दुई दर्जनभन्दा बढी कृषकले पछिल्लो समय प्राङ्गारिक तरकारीको बिक्री बढेपछि खेती विस्तार गर्ने सोच बनाएको बताएका छन् । विगतमा तरकारी बिक्रीबाट वार्षिक रु पाँच लाख आम्दानी गर्दै आउनुभएका खबराका कार्कीले विसं २०७६ चैतदेखि २०७८ वैशाखसम्म तरकारी बिक्री गरेर रु ११ लाखभन्दा बढी आम्दानी भएको बताउनुभयो । त्यसैगरी डाँडाखेतका नारायण पौडेलले पनि गत वर्ष आफूले उत्पादन गरेको तरकारी राम्रो बिक्री भएको र सोचेभन्दा बढी आम्दानी भएको बताउनुभयो ।

म्याग्दीका छ स्थानीय तहमा गरी २०० भन्दा बढी कृषक व्यावसायिक तरकारी खेतीमा लागेका छन् । तरकारी खेतीमा लागेका किसानले पछिल्ला वर्षमा मनग्ये आम्दानी गर्न थालेको कृषि प्राविधिक जगत बानियाँको अनुभव छ । बानियाँ भन्नुहुन्छ, “कोरोना कहर शुरु भएयता मानिसले प्राङ्गारिक उत्पादनको महत्व बुझ्न थालेका छन्, जसले गर्दा गाउँका उत्पादनहरूको माग शहर बजारमा बढी हुन थालेपछि किसानलाई फाइदा भएको हो ।”

कोरोनापछि धेरै मानिसले प्राङ्गारिक उत्पादन खोज्न थालेको बगरफाँटका कृषक जीतबहादुर कार्कीको पनि अनुभव छ । बेनी-बगरफाँट-सुर्केमेला-बरङ्जा सडकको छेउमा रहेको उहाँको बारीमा प्राङ्गारिक तरकारी खरिद गर्न बेनीबजारबाट धेरै ग्राहाक आउन थालेका छन् । कोरोनापछि प्राङ्गारिक तरकारी खोज्दै उहाँका बारीमा धेरै उपभोक्ता पुग्छन् । मानिसको स्वास्थ्यसँग जोडिएको हुनाले पहिलादेखि नै कार्कीले प्राङ्गारिक खेतीको प्रचारपसार गर्दै आउनुभएको थियो । विषादीयुक्त तरकारीले मानव स्वास्थ्यमा धेरै हानी गर्ने हुँदा सबैले प्राङ्गारिक खेती गर्नुपर्ने कृषिविज्ञको भनाइ छ ।

म्याग्दीमा निजी क्षेत्रले करोडौँ लगानीमा कृषिफार्म सञ्चालन गरेका छन् । जिल्लाको बेनी नगरपालिका-४ सिङ्गा र आवेबगरमा करिब रु १० करोडको लगानीमा सञ्चालित हरियाली कृषिफार्म र मङ्गला गाउँपालिकाको हिदीमा रु तीन करोडको लगानीमा प्राङ्गारिक कृषिफार्म सञ्चालित छन् । यी कृषिफार्मले पनि प्राङ्गारिक उत्पादनमा जोड दिँदै आएका छन् । म्याग्दीमा पछिल्लो समय प्राङ्गारिक कृषितर्फ युवाको पनि आकर्षण बढ्दै गएको छ । विशेषगरी कोरोनाका कारण विदेशमा रोजगारी गुमाएर गाउँ फर्किएका युवा प्राङ्गारिक खेतीतर्फ लागेका छन् ।

# योजनामा बचेको रकमले सडक सुधार्दै जैमिनी

**पोखरापत्र संवाददाता**
**पर्वत, १५ बैशाख**

सङ्घ र प्रदेश सरकारसँगको साझेदारीमा सञ्चालन भएको योजना ठेक्का लगाउँदा निर्माण कम्पनीले छोडेको रकमले जैमिनी नगरपालिकाको मुकाम सुधार विस्तारको काम थालिएको छ । सङ्घीय र प्रदेश सरकारको समपूरक बजेट परिचालनबाट सञ्चालन भएको योजनामा बचेको रकम पालिका मुकाम कुश्मीशेरा बजारको सुधार विस्तारमा लगाइएको हो।

समपूरक बजेटमा साझेदारी गरेर नगरपालिकाले कालीगण्डकी करिडोर जैमिनीधामदेखि पालिका मुकाम कुश्मीशेरा बजारसम्मको सडक स्तरोन्नतिको काम गरिरहेको छ। बहुवर्षे यो योजनाका लागि चालु आर्थिक वर्षमा रु दुई करोड बजेट विनियोजन भएको थियो । सङ्घीय सरकारको ८७ लाख, गण्डकी प्रदेश सरकारको ५० लाख र नगरपालिकाको रु ६७ लाख गरी दुई करोडमा यो सडक स्तरोन्नति भइरहेको छ। टेन्डर प्रक्रियामा सहभागी भएको निर्माण कम्पनीले कूल बजेटबाट छोडेको रु ७४ लाख पुनः प्रयोगमा ल्याइएको नगरपालिकाका इन्जिनीयर विवेक सापकोटाले बताउनुभयो । हिउँदमा धुलाम्मे र वर्षामा हिलाम्मे हुने कुश्मीशेरा बजार कालोपत्र सडकले टल्किनेछ।

बजारभित्रको १४५ मिटर सडक ढलान गर्ने र ३०० मिटर सडक कालोपत्र गर्ने काम भइरहेको सापकोटाले बताउनुभयो । सडक विभागको मापदण्डअनुसार पाँच दशमलव पाँच मिटर चौडा सडक कालोपत्र हुनेछ। बजार क्षेत्रको सबै सडकमा नाली निर्माण हुने भएकाले अब भने वर्षामा हिलाम्मे हुने समस्या समाधान हुने स्थानीयवासी विष्णु आचार्यले बताउनुभयो। निकै साँघुरो रहेको कुश्मीशेरा बजारमा सडक बनाउनका लागि स्थानीयवासीले पुराना संरचना भत्काएका छन् । “एउटा घर भत्काउनका लागि अन्तिम सूचना टाँस भएको छ, बाँकी सबैले सडक फराकिलो बनाउन सहयोग गर्नुभयो”, सापकोटाले भन्नुभयो, “आगामी असारसम्म काम सकिँदा त्यो घर पनि पन्छाएर सडक बनाउँछौँ ।” जैमिनीमा दुई वर्ष पहिलेसम्म कालोपत्र सडक थिएन । स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमअन्तर्गत बागलुङ कुश्मीशेरा सडकको १.६ किलोमिटर खण्ड पक्की भएपछि जैमिनीले कालोपत्र सडक पाएको थियो । शेराबजारमा भइरहेको कालोपत्रको काम सकिँदा जैमिनी नगरभरि झण्डै तीन किलोमिटर सडक कालोपत्र हुनेछ।

# लोकमार्ग र टेलिकमबीच समन्वय नहुँदा फाइबर टुक्राटुक्रा

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ बैशाख**

शुक्रबार साँझ एक्कासी नेपाल टेलिकमको टेलिफोन सेवा अवरुद्ध भयो। फोन अवरुद्ध हुँदा इन्टरनेटसमेत अवरुद्ध हुन्छ । धवलागिरिका चार जिल्लामा शनिबार बिहानसम्मै सम्पर्क टुट्यो । सञ्चार सञ्जालको महत्व बढिरहेको समयमा ८/१० घण्टा नै इन्टरनेट र फोन सेवाबाट धवलागिरिवासी बञ्चित बने। यस्तो समस्या धवलागिरिको बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङमा दोहोरिँदै आएको छ।

शुक्रबार पर्वत जिल्लाको मोदी गाउँपालिकास्थित पातिचौरमा राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पुष्पलाल मध्यपहाडी लोकमार्गले सडक विस्तारका क्रममा फाइबर काटिदिएपछि टेलिफोन र इन्टरनेट बन्द भएको नेपाल टेलिकमले बतायो । अहिले लोकमार्गको पोखरा-बागलुङ खण्ड विस्तार र कालोपत्रको काम तीव्रगतिमा चलिरहे पनि लोकमार्ग आयोजनाको कार्यालयले अन्य सेवा प्रदायक कार्यालयसँग समन्वय नगर्दा धवलागिरिमा पटक-पटक टेलिफोन र इन्टरनेट सेवा अवरुद्ध हुँदै गएको छ । पटक-पटक फाइबर काटिँदा सञ्चार सम्पर्क विच्छेद भइरहेको स्थानीयवासीले गुनासो गर्दै आएका छन् ।नेपाल टेलिकमको फाइबर पुष्पलाल मध्यपहाडी लोकमार्गको छेउछाउबाट धवलागिरिमा ल्याइएको छ । लोकमार्ग आयोजनाले नेपाल टेलिकमलाई खबर र समन्वय नगरी सडक विस्तार गर्दा पटक-पटक समस्या भइरहेको नेपाल टेलिकमका प्रमुख केशव शर्मा बताउनुहुन्छ। धवलागिरिमा हप्तैपिच्छे १०/१२ घण्टा सञ्चार सम्बन्धविच्छेद हुँदै आएको छ। “कहिले कास्कीको हेम्जा, कहिले नौडाँडामा फाइबर काटिन्छ तर सेवा अवरुद्ध भएपछि मात्रै हामीले खबर पाउँछौँ”, कार्यालय प्रमुख शर्माले भन्नुभयो । “इन्टरनेट र फोन सेवा कतिबेला अवरुद्ध हुन्छ पत्तै पाइँदैन, मध्यपहाडी लोकमार्ग आयोजनाले समन्वय नगर्दा फाइबर काटेर टुक्राटुक्रा पारिसक्यो”, टेलिकम प्रमुख शर्माले भन्नुभयो, “कम्तीमा आयोजनाले सडक विस्तार गर्दा खबरमात्रै गरे हुन्थ्यो, आयोजनाले समन्वय नगर्दा पोखरा- बागलुङको फाइबर टुक्राटुक्रा परिसक्यो, सेवाग्राहीले धेरै सकस व्यहोर्नुपऱ्यो, हामीले पनि गाली खाइरहेका छौँ ।” शर्माका अनुसार धेरै स्थानमा फाइबर काटिँदा सञ्चार गुणस्तरमा समस्या हुने गर्दछ। सडक विस्तारका क्रममा विद्युत्को पोल सार्नुपर्ने हुन्छ, त्यही विद्युत्को पोलमा टेलिकमको तार भए पनि विद्युत् सार्ने क्रममा टेलिकमलाई तार सार्न नबोलाउँदा यस्तो समस्या दोहोरिरहेको टेलिकमको भनाइ छ । सडकभन्दा सञ्चार महत्वपूर्ण भए पनि लोकमार्ग आयेजनाले विद्युत्को पोल हटाउँदा टेलिकमलाई खबर गर्नुपर्ने नेपाल टेलिकम बागलुङले जनाएको छ । एक मिनेट सञ्चार नहुँदासमेत समस्या हुने अवस्थामा घण्टौँ सञ्चार अवरुद्ध हुँदा निकै समस्या भइरहेको बागलुङका पत्रकार सङ्गम घर्तीले गुनासो गर्नुभयो । सडक विस्तार गर्नुअघि विद्युत्लाई नयाँ पोल गाड्न खबर गरेपछि विद्युत्ले तार विस्तार गर्ने मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतका प्रमुख मेघराज मरासिनीले जानकारी दिनुभयो । “विद्युत् प्राधिकरणलाई खबर गर्दा टेलिकमलाई खबर नपुगेको हुन सक्दछ, त्यस्तो भएमा हामीले अब समन्वयलाई बढाउँदै लैजान्छौँ”, उहाँले भन्नुभयो, “आयोजनाले काम गर्ने होइन, ठेकेदारले काम गर्दा कतिपय कुरा आयोजनालाई नै जानकारी दिन्न, हामीले पटक-पटक विद्युत् कार्यालयलाई पत्र नै लेखेर समन्वय गर्दै आएका छौँ”, “ठेकेदारलाई विद्युत्को पोलमा फाइबर हुन्छ भन्ने जानकारी नहुन पनि सक्दछ”, मरासिनीले भन्नुभयो, “निर्माण व्यवसायीलाई टेलिकमसँग समेत समन्वय गरेर सडक विस्तार गर्न भन्दै आएका छौँ, अबदेखि त्यस्तो समस्या नदोऱ्याउन आयोजनाले थप समन्वय गर्दै जानेछ।”

टेलिकमलाई समेत जानकारी गराउँदै आएको पुरानो पोल आयेजनाले हटाउँदै आएको छ। नेपाल टेलिकमले सात वर्षदेखि गुणस्तरीय र उच्च गतिको इन्टरनेट र फोन सेवा दिनका लागि लोकमार्गबाटै फाइवर तार धवलागिरिमा भित्र्याएको थियो । अहिलेको प्रविधिमैत्री समयमा इन्टरनेट अवरुद्ध हुँदा सबै सेवा अवरुद्ध हुँदै आएको छ। फाइबर तार आयोजनाकै कारण करिब १०० भन्दा बढी स्थानमा टुक्रा परेको टेलिकमले जनाएको छ। जहाँ काट्यो त्यही जोड्न नमिल्ने फाइबर तार पछिल्लो समय धेरै स्थानमा टुक्रा पर्दा गुणस्तरमा समस्या भइरहेको र फाइबरबाटै टेलिभिजन चलाउँदा नयाँ फाइबर ल्याउनुपर्ने अवस्था आएको टेलिकम बागलुङ शाखाले जनाएको छ।

# भारतमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या दुई लाख नाघ्यो

**रासस**
**काठमाडौं, १५ बैशाख**

भारतमा कोरोना सङ्क्रमणको कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई लाख नाघेको छ। गएको २४ घण्टायता तीन हजार २२९ जनाको कोरोनसङ्क्रमणको कारण ज्यान गएपछि यस प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या दुई लाख एक हजार १८७ पुगेको यहाँको केन्द्रीय स्वास्थ्य मन्त्रालउले जानकारी दिएको छ।

एकै दिनमा कोरोनाबाट ठूलो सङ्ख्यामा मृत्यु भएको यस वर्ष शुरु भएयताकै यो सबैभन्दा धेरै भएको समाचारमा जनाइएको छ । मङ्गलबार एकै दिनमा तीन लाख ६० हजार ९६० जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि भारतमा अहिलेसम्ममा एक करोड ७९ लाख ९७ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित हुन पुगेका बताइएको छ। एकै दिन तीन लाखभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भेटिएका यो सातौँ दिन भएको बताइएको छ। कोरोना महामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ । भारतमा हाल २९ लाख ७८ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् । भारतमा हालसम्म एक करोड ४८ लाख १७ हजारभन्दा बढी कोरोना मुक्त भएका छन्। भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १४ करोड ५५ लाखभन्दा बढी व्यक्तिले खोप लगाएका छन् । कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ।

भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुट्निक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन् । रुसले विकास गरेको स्पुट्निक भी भने गत अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्। भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यका रुपमा रहेको छ। यहाँ गत सोमबार एकैदिनमा २० हजार २०१ जना थप व्यक्ति कोरोना भाइरस सङ्क्रमण देखिएको र ३८० जनाको मृत्यु भएको छ । दिल्ली कोरोना शुरु भएदेखि हालसम्म यसको सङ्क्रमणको कारण १५ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ।

# ब्राजिलमा कोभिडबाट तीन लाख ९५ हजारको मृत्यु

**रासस**
**काठमाडौं, १५ बैशाख**

ब्राजिलमा गएको २४ घण्टायता कोभिड-१९को सङ्क्रमणबाट यहाँका तीन हजारभन्दा बढी नागरिकको मृत्यु भएपछि कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या तीन लाख ९५ हजार नाघेको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

ब्राजिलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार मङ्गलबार मात्र कोभिड-१९ को सङ्क्रमणमा परेका यहाँका तीन हजार ८६ जनाको एकै दिनमा ज्यान गएको हो। योसँगै ब्राजिलमा कोभिडको प्रकोपबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या तीन लाख ९५ हजारभन्दा बढी पुगेको पनि सो मन्त्रालयले दिएको समाचारमा जनाइएको छ।

त्यसैगरी सोही अवधीमा थप ७२ हजारभन्दा बढीमा कोरोना भाइरस सङ्क्रमण देखिएको पनि मन्त्रालयले जनाएको छ।

कोरोना भाइरसको सङ्क्रमण शुरु भएबाट ब्राजिलमा हालसम्म एक करोड ४४ लाख ४१ हजार जनाभन्दा बढीमा सो सङ्क्रमण भएको बताइएको छ । स्वास्थ्य मन्त्रालयकाअनुसार पछिल्लो समय ब्राजिलमा कोरोना भाइरसको नयाँ प्रजातिको भाइरसका साथै नयाँ नयाँ वेभ आइरहेका छन्। अस्पतालले बिरामीको चाप थेग्न नसकेपछि उपचारमा समस्या भएको जनाएका छन्। यस देशमा कोरोना भाइरसबाट सबैभन्दा बढी प्रभावित राज्यका रुपमा साओ पाओलो रहेको छ। साओ पाओलोमा मात्र ९२ हजारभन्दा बढी नागरिकको ज्यान गएको छ। त्यसैगरी सो राज्यमा करिब २९ लाखभन्दा बढी नागरिक कारोना भाइरसबाट सङ्क्रमित भएका छन्।

# ग्रामीण भेगमा विद्युतीकरण गर्दै तनहुँ जलविद्युत् आयोजना

**– कृष्ण न्यौपाने**
**दमौली, १५ बैशाख**

हालसम्म विद्युत् सुविधा नपुगेको तनहुँका ग्रामीण भेगमा तनहुँ जलविद्युत् आयोजनामार्फत विद्युतीकरणको काम अगाडि बढेको छ । विद्युत् सेवा नपुगेका तनहुँका विभिन्न ठाउँमा आयोजनामार्फत विद्युतीकरणको काम अगाडि बढेको हो।

आयोजनामार्फत जिल्लाका घिरिङ, ऋषिङ गाउँपालिका, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी र देवघाट गाउँपालिकाका विद्युत् नपुगेका घरधुरीमा विद्युतीकरण गरिने इन्जिनीयर लक्ष्मण रेग्मीले जानकारी दिनुभयो। तनहुँ जलविद्युत् आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत तनहुँमा विद्युतीकरण गर्न प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन गर्न इष्ट इन्डिया उद्योग/वाइवा इन्फ्राटेक जेभीसँग विसं २०७५ मङ्सिर १३ गते ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौताको रकम अमेरिकी डलर ६१ लाख ५३ हजार अमेरिकी डलर र रु १४ करोड ८८ लाख रहेको छ । ठेकेदार कम्पनीले विद्युतीकरण नभएका क्षेत्रको पहिचान गरी सर्भे तथा डिजाइन सम्पन्न गरिसकेको छ। कम्पनीले ३३/११ केभी वितरण लाइन निर्माण गर्नेछ। विद्युतीकरणका लागि घिरिङ गाउँपालिका-४ कोटसाभुङ र बन्दीपुर गाउँपालिका-६ साराङ्घाटमा सबस्टेशन निर्माणको काम भइरहेको छ। तनहुँ जलविद्युत् आयोजनामार्फत जिल्लाका आठ हजार घरधुरीमा विद्युतीकरण गरिनेछ। ती घरधुरीमा विद्युतीकरणका लागि रु ८८ करोड बजेट खर्च हुनेछ। “६/८ एमभिए क्षमताको दुईवटा सबस्टेशन निर्माणाधीन अवस्थामा छ, असार मसान्तभित्र काम सम्पन्न गर्ने भनिए पनि विविध कारणले काममा ढिलाइ भयो”, उहाँले भन्नुभयो।

उक्त आयोजनामार्फत केही दिन अगाडि बन्दीपुर गाउँपालिका-६ को खहरे, ढाप, थुमथुमे तथा व्यास नगरपालिका-१४ को मास्दीघाट, सुढे रिजाल्दीको ११५ घरमा बत्ती बलेको छ। बत्ती बलेसँगै उक्त ठाउँ अन्धकारमुक्त भएका छन् । बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले उक्त वडामा बत्ती बलेसँगै गाउँपालिकाका सबै घरधुरीमा विद्युत् पहुँच पुगेको जानकारी दिनुभयो।

आयोजनामार्फत नै देवघाट गाउँपालिका-१ मा राष्ट्रिय प्रसारण लाइनको बिजुली पुगिसकेको छ । देवघाट गाउँपालिका-५ स्थित देवपुरबाट ११ केभी लाइनमार्फत कालीटार, कोटा र गोपीटारमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेको हो। त्यस क्षेत्रमा पहिले लघु जलविद्युत् मार्फत विद्युत् आपूर्ति भइरहेको थियो। १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माणका लागि जग्गा अधिग्रहणको काम पनि अगाडि बढिसकेको छ । आयोजनाको तेस्रो प्याकेज अन्तर्गतको २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका लागि आयोजनाले तनहुँतर्फको जग्गा अधिग्रहणको काम अगाडि बढाएको हो। प्रसारण लाइन निर्माणका क्रममा टावर राख्नका लागि २३ रोपनी पाँच आना जग्गा अधिग्रहण गरी मुआब्जा वितरणको प्रक्रिया शुरु भएको आयोजनाका प्रमुख अच्युत घिमिरेले जानकारी दिनुभयो । जग्गा अधिग्रहणबापत आयोजनाले रु एक करोड ३१ लाख ३४ हजार ५१० मुआब्जा वितरण गर्नेछ । प्रसारण लाइन निर्माणका क्रममा व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिनेछ । आयोजनाको मुख्य काम नदी फर्काउने, बाँध निर्माण लगायतको पहिलो प्याकेजको काम छिट्टै शुरु गरिने भएको छ।

पहिलो प्याकेजका संरचना निर्माण कार्यका लागि सम्झौता भएसँगै निर्माण कम्पनीलाई आयोजनास्थलमा खटाउने तयारी गरिएको छ। पहिलो प्याकेजका निर्माण कार्यका लागि न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही सोङ्ग दा कर्पोरेशन, भियतनाम-कालिका कन्सट्रक्शन (प्रा.) लि. नेपाल जे.भी.बीच सम्झौता भइसकेको छ। कम्पनीसँग रु १६ अर्ब ६२ करोड (प्रोभिजनल सम र मूल्य अभिवृद्धि करबाहेक)मा खरीद सम्झौता भएको थियो । ठेकेदार कम्पनीले खरीद सम्झौता कार्यान्वयनमा आएको ५७ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ।

आयोजनाको प्याकेज १ (हेडवर्क्स) निर्माण कार्यका लागि निर्माण कम्पनी सिएमसी डी राभेना, इटालीसँग विसं २०७५ असोज १५ मा सम्पन्न खरीद सम्झौता रद्द भएपश्चात् कम्पनीले विसं २०७६ वैशाख १२ गते पुनः बोलपत्र आह्वान गरेको थियो। कम्पनीले उक्त बोलपत्र प्रक्रियामा प्राप्त कुनै पनि प्राविधिक बोलपत्रहरू सारभूत रूपमा प्रभावग्राही हुन नसकेकाले सबै बोलपत्रहरू अस्वीकृत गरी एशियाली विकास बैंकको खरीद निर्देशिकाअनुरुप विसं २०७६ फागुन १६ गते दोस्रो पटक पुनः बोलपत्र आह्वान गरेको थियो।

कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# माथिल्लो दोर्दी ‘ए’ जेठ अन्तिममा सकिने

**पोखरापत्र संवाददाता**
**लमजुङ, १५ बैशाख**

दोर्दी गाउँपालिका-६ ढोडेनीमा लिबर्टी इनर्जी हाइड्रोपावरद्वारा निर्माणाधीन २५ मेगागाट क्षमताको माथिल्लो दोर्दी ‘ए’ आयोजना आगामी जेठको अन्तिमसम्म निर्माण सम्पन्न हुने भएको छ।

दोर्दी खोलामा निर्माणाधीन माथिल्लो दोर्दी ‘ए’ जलविद्युत् आयोजनाको अधिकांश निर्माण कार्य सम्पन्न भइसकेको जेठको अन्तिम सातासम्म निर्माणकार्य सम्पन्न गर्दै विद्युत उत्पादन गर्ने आयोजनाका प्रवर्द्धक राजेन्द्र वस्तीले बताउनुभयो।

यहीहप्ताभित्र टनेलमा पानी हाल्ने तयारी भइरहेको छ। आयोजनाको पावर हाउसमा मेशिनको काम गर्नलाई भारतबाट इन्जिनियर ल्याउने प्रक्रियामा रहेको उहाँको भनाइ छ। यस आयोजनाले यसअघि गत चैत महिनासम्म निर्माणकार्य सम्पन्न गर्दै विजुली उत्पादन गर्ने लक्ष्य राखेको थियो। कोभिडका कारणले आयोजनामा प्रभाव पारेकाले निर्माणकार्यमा ढिलाइ भइरहेको साथै जिल्लामा १२० केभी प्रसारण लाईनको निर्माण कार्य सम्पन्न भइनसकेकाले समेत विद्युत उत्पादनमा ढिलाइ हुनपुगेको आयोजना प्रवर्द्धक वस्तीको भनाइ छ।

आयोजना रु तीन अर्व ९६ करोड लगानीमा सम्पन्न गर्ने लक्ष्य थियो। तर निर्माण अवधि लम्बिँदै जाँदा रु चार अर्ब ६४ करोड खर्च हुने अनुमान गरिएको आयोजनाको भनाइ छ। उक्त अवधिमा पनि अझै कोभिडको प्रभाव भएर समय थप भएमा आयोजनाको लागत बढ्न सक्ने आयोजना प्रवर्द्धक वस्तीले बताउनुभयो । आयोजनाबाट वार्षिक १३ करोड ६७ लाख ८४ हजार युनिट बिजुली उत्पादन हुने कम्पनीले जनाएको छ । नेपाल विद्युत् प्राधिकरण र सो कम्पनीबीच भएको सम्झौताअनुसार सुक्खा याममा रु आठ रुपैयाँ ४० पैसा र वर्षायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् खरीद गरिने छ।

# खाद्यान्न जोहो गर्दै हिमाली वस्ती

**(रासस)**
**काठमाडौं, १५ बैशाख**

ताप्लेजुङको हिमाली वस्तीका समूदाय अहिले बर्षायामका लागि खाद्यान्न जोहो गर्नेतिर लागेका छन्।

वर्खायाम शुरुभएसँगै बाढी पहिरो, खोला नाला साथै झरी वर्षा हुने भएकाले ताप्लेजुङको हिमाली वस्तीका समूदायका नागरिकले प्रत्येक वर्ष वैशाख महिनादेखि मङ्सिरसम्म पुग्ने खाद्यान्न जोहो गर्ने गरेको फक्ताङलुङ गाउँपालिका-७ घुन्साका स्थानीयबासी केल्शाङ शेर्पाले बताउनुभयो। वर्खायाममा बाढी पहिरो साथै खोला नालाले बोटो बन्द गर्ने भएकाले आठ महिनासम्म पुग्ने प्रत्येक परिवारले खाद्यान्न भण्डारण गर्नुपरेको शेर्पाले बताउनुभयो । विगतका वर्षमा टिप्ताला नाका हुँदै चीनदेखि खाद्यान्न ल्याउँने गरेको शेर्पाले बताउनुभयो । यो वर्ष कोरोनाको कारणले नाका बन्द भएपछि महँगो ढुवाँनी गरेर ताप्लेजुङको सदरमुकाम फुङलिङबाट लानुपरेको शेर्पाले बताउनुभयो । उहाँ भन्नुहुन्छ, “नाका बन्द छ। त्यसैले सदरमुकामबाट सामान घन्सा पुऱ्याउँदा सामान किनेको भन्दा बढी ढुवाँनीमा खर्च गर्नु बाध्य भएको छौँ।” स्थानीय सरकार आएपछि गाउँ-गाउँमा सडक पुगेको छ । तर फक्ताङलुङ गाउँपालिका-६ घुन्सा, फले, ग्याप्ला, खम्बाजेन अम्जीलेसा र फक्ताङलुङ गाउँपालिका-७ ओलाङचुङगोला र याङमाजस्त हिमाली तथा पर्यटकीय वस्तीमा यातायातको साधन पुग्न सकेको छैन । यी क्षेत्रका समूदायका नागरिकले यातायातको साधनको रूपमा खच्चड्, चौंरी र याक नै अहिलेसम्म भरपर्दो यातायातको रूपमा प्रयोग हुँदै आएको छ। एउँटा याकले १०० केजीसम्म सामान ढुवाँनी गर्न सक्दछ भने खच्चड्ले ७० केजीसम्म सजिलै ढुवाँनी गर्दछ । विगतमा सदरमुकामदेखि ढुवाँनी गर्नु पर्दथ्यो भने अहिले सदरमुकाम फुङ्लिङदेखि २४ किलोमिटरसम्म गाडीले पुऱ्याउँदछ । लेलेपदेखि खच्चड्, चौंरी र याकमार्फत ढुवाँनी गरेर समुन्द्र सतहदेखि चार हजार २०० मिटर उचाइमा अवस्थीत याङमासम्म खाद्यान्न सामग्री पुऱ्याउँदै आएको छ । वर्खाको समयमा बाढी पहिरोको जोखिम हुन्छ । बाढी पहिरोले बाटो नै बन्द गरिदिन्छ। बाटो बन्द भएपछि एक गाउँ-अर्को गाउँ आवत जावत नै बन्द हुने गर्दछ। त्यसैले हिमाली वस्तीमा समयमै खाद्यान्नको जोहो गर्नुपरेको फक्ताङलुङ गाउँपालिका-७ ओलाङचुङगोला निवासी तेन्जीङ शेर्पाले बताउभयो। वैशाख महिनादेखि कात्तिक र मङ्सिरसम्म पुग्ने चामल, नुन, तेल, दाल, मैदा अन्य आवश्यक सामग्री जोहो गर्ने गरेको शेर्पाले बताउनुभयो । समुन्द्र सतहदेखि तीन हजार २०० मिटर उचाइमा अवस्थीत ओलाङचुङगोलामा ६५ घर परिवार शेर्पा समूदाय बसोबास गर्दै आएको छन्। समुन्द्र सतहदेखि चार हजार २०० मिटर उचाइमा अवस्थीत याङमा ११ घर परिवार बसोबास गर्दै आएका छन्।